तुर्माखाँद गाउँपालिका

स्थानीय राजपत्र

खण्ड-७ संख्या-१ मिति:२०८०।०३।०७

प्रमाणिकरणः मिति:२०८०।०३।१७

प्रकाशित मिति:२०८०।०३।३१

भाग-२

तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,अछाम

सुदुरपश्चिम प्रदेश,नेपाल

संवत २०८० सालको कार्यविधि संख्या १

# तुर्माखाँद गाउँपालिका पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषण कार्यविधि २०८०

"शिक्षा, कृषि र जलाधार, तुर्माखाँद गाउँपालिकाको मुल आधार"

"गुणस्तरीय स्वास्थ्य, शिक्षा, सफा स्वच्छ पानी, सुपोषित छन गाँउका सवै आमा बाबुनानी"

# पोषण मैत्री स्थानीय शासन

## NUTRITION FRIENDLY LOCAL GOVERNANCE

## (NFLG)

# वडा तथा पालिका घोषणा कार्यविधि

# २०८०

तुर्माखाँद गाउँकार्यापालिकाको कार्यालय

अछाम

डम्बर बहादुर वि.सी.
अध्यक्ष

# बिषय सूचि

१. प्रस्तावना :............ म्चचयचज्ञ द्ययफबचप लयत मभाष्लममा
२. पृष्ठभूमि............ २
३. उद्देश्यहरू............ २
४. कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरू............ ३
५. पोषण मैत्री स्थानीय शासन भनेको के हो ?............ ३
६. पोषण मैत्री स्थानीय शासनको लक्ष्य :............ ३
७. पोषण मैत्री स्थानीय शासनको उद्देश्य :............ ४
८. पोषण मैत्री स्थानीय शासन किन :............ ४
९. बिषयगत क्षेत्र र सुचकहरू :............ ४
१०. क्षेत्रगत सूचक निर्धारण खाका............ ५
११. पोषण मैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया............ ५
१२. पोषण मैत्री स्थानीय शासन घोषणाका चरणहरू............ ६
१३. पोषण मैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्तावेजहरू............ ७
१४. पोषण मैत्री स्थानीय शासन घोषणाका लागि बिभिन्न तहहरूको भूमिका र जिम्मेवारीहरू............ ७
१५. स्पष्टीकरण तथा बचाउ :............ ९
१६. पुरस्कार तथा सम्मान :............ ९
१७. अनुसूचिहरू :............ ९
अनुसूची १ : पोषणमैत्री स्थानीय शासन अर्न्तगत पोषण मैत्री वडा घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरू र न्यूनतम लक्ष्य............ ९
अनुसूची २ : पोषण मैत्री स्थानीय शासनका सूचक बिश्लेषण (निकाल्ने) तरिका............ १२
अनुसूची ३ : पोषण मैत्री स्थानीय शासनका सूचक प्राप्तीको अवस्था विवरण फाराम............ १२
अनुसूची ४ : पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वडा र पालिकाको संक्षिप्त कार्य योजना............ १३
तुर्माखाद गाँउपालिकाको कार्यालय, अछाम............ १३
अनुसूची ५ : पोषण मैत्री आचार संहिता............ १३
अनुसूची ६ : पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम............ १३
अनुसूची ७ : पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता............ १४
अनुसूची ८ : पोस्वरा प्रतिबद्धता, २०७३............ १६

डम्बर बहादुर बि.सी.
अध्यक्ष

## २.पृष्ठभूमि

नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा व्यक्त गरेका बिभिन्न समभ्दारी तथा प्रतिबद्धताहरू कार्यान्वयन गर्ने सन्दर्भमा बालबालिका,महिला तथा किशोरीहरूको पोषणको अवस्था सुधारको लागि गरेका सबै प्रतिबद्धताका साथै दिगो बिकास लक्ष्य र विश्व स्वास्थ्य सभाले तोकेका स्वास्थ्य तथा पोषण सम्वन्धि लक्ष्य तथा सुचकहरू पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ।

अन्तराष्ट्रिय रूपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजीक, आर्थिक तथा मानविय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रूपमा लिईएको छ। कुपोषणबाट सृजना हुने समस्याहरू गम्भीर, दुरगामी तथा अपुरणीय किसिमको हुने कुरा बिभिन्न अध्ययनले प्रष्ट पारेको छ। हामी सबैको प्रयत्नबाट मात्रै महिला, वालवालिका र किशोरीहरूमा हुने कुपोषणलाई उल्लेख्य रूपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै तुर्मखाद गाउँलिकाले बहुपक्षिय प्रयत्न,अभियान,सामुहिक पहलकदमीहरू र कार्यक्रम सन्चालन गरि रहेको छ। पोषणको क्षेत्रमा भएका उपलब्धीहरुलाई दिगो बनाई थप प्रगति हासिल गर्न प्रयाप्त स्रोत साधनको व्यबस्था सहित सम्बद्ध सबै तह, बिषयगत शाखा र बिभिन्न क्षेत्रहरूबाट थप प्रतिबद्धता सहित सहयोग, सहजिकरण र समन्वय आवश्यक छ।

दिगो विकास लक्ष,नेपाल सरकारका राष्ट्रिय, अन्तराष्ट्रिय प्रतिबद्धताको पुर्णतामा योगदान दिन स्वास्थ्य र पोषण सुधारको अभियानलाई ब्यबस्थित र क्रमबद्ध रूपमा अगाडी बढाउने दिर्घकालिन सोच राख्दै, मिति २०७४ भाद्र महिनामा गउपालिकाको समग्र पोषण स्थिति सुधारका लागि तुर्मखाद गाउपालिकाले गरेको १० बुदे प्रतिबद्धता समेत जारि गरेको छ। २०७६ फागुन १७ र १८ गते एकिकृत स्वास्थ्य तथा पोषण सम्वन्धि प्रतिवद्धताको मुल मन्त्र **"गुणस्तरीय स्वास्थ्य,शिक्षा, सफा स्वच्छ पानी, सुपोषित छन गाउका सबै आमा बाबुनानी"** रहने कुरा समेत उल्लेख गरेको छ। यस्का साथै **पोषण सम्वन्धि पोखरा प्रतिबद्धता २०७३** र **बहुक्षेत्रीय पोषण योजना दोस्रो**को परिच्छेद ३ को दफा ३.६ गाउ तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत बुदा (क) अर्न्तगत रही मिति २०७९ चैत २६ गते पालिका स्तरीय छलफल गरि यो पोषण मैत्री वडा तथा पालिका घोषणा कार्यविधि २०८० तयार गरि कार्यान्वयन ल्याईएको छ।

## ३. उद्देश्यहरू

पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० का उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

क) बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन अर्न्तगत पोषण मैत्री स्थानीय शासन अबलम्बनका लागि गाउपालिका तथा यस गाउपालिकाले छनौट गरेका वडा हरुले आफुलाई पोषण मैत्री वडा घोषणा गर्न आवश्यक प्रक्रिया र सूचनाका बारेमा जानकारी दिने।

ख) पोषण मैत्री स्थानीय शासन घोषणाको लागि गाउपालिका, वडा र सरोकारवालाहरूले गर्ने अनुगमन, जिम्मेवारी तथा भूमिकाबारे जानकारी दिने।

डम्बर बहादुर वि.सी.
अध्यक्ष

ग) पोषण मैत्री स्थानीय शासन वडा तथा गाउपालिका घोषणाका लागि आवश्यक क्षेत्रगत तथा बिषयगत सूचक, न्यूनतम लक्ष्य, बिश्लेषण गर्ने तरिका निर्धारण गर्ने ।

घ) पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक प्रक्रिया, विधि, खुडकिला तथा चरणहरू बारे मार्गदर्शन गर्ने ।

ङ) पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणाका लागि आवश्यक फारमहरू र दस्ताबेजहरू बारे मार्गदर्शन गर्ने ।

च) पोषण मैत्री स्थानीय शासन अवलम्बन अर्न्तगत पोषण मैत्री वडा तथा गाउपालिका घोषणालाई सहज बनाउन आवश्यक सहजीकरण तथा सहयोग पुर्‍याउने ।

**४.कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरू**

पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि २०८० लाई तुर्मास्वाद पालिकाको पोषण मैत्री वडा घोषणाका लागि प्रयोग गर्नेछ । यस कार्यविधिको अधिनमा रही तुर्मास्वाद पालिकाले पोषण मैत्री स्थानीय शासन वडा घोषणाका अभियानहरू कार्यान्वयन गर्नेछ ।

पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि, २०८०को मुख्य प्रयोगकर्ता तुर्मास्वाद गाउँपालिका र यस्का सबै वडा कार्यालयहरू, बिषयगत शाखाहरू, बहुक्षेत्रीय पोषण योजना अर्न्तगत सन्चालित बिभिन्न कार्यक्रमहरू, विकास साझेदारहरू र सम्बन्धित सरोकारवालाहरू हुनेछन । सम्वन्धित सबै पक्षले सूचनाको माध्यमबाट पोषण मैत्री स्थानीय शासन अबलम्बन र वडा तथा पालिका घोषणाका प्रक्रिया, प्रतिफल र नतिजाहरूको व्याख्या र विश्लेषण गर्न सक्नेछन ।

**५. पोषण मैत्री स्थानीय शासन भनेको के हो ?**

**क)** मानव पूजीको विकासका साथै समग्र सामाजीक एवं आर्थिक विकासमा कुपोषण अबरोधको रूपमा नरहने सुनिश्चित गर्नको लागि दीर्घ कुपोषणलाई उल्लेखनीय रूपमा न्यूनिकरण गर्ने तर्फ मुलुकलाई अग्रसर गराउने सोचका साथ बिद्यमान संघिय संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूका नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यबहारमा संस्थागत गर्ने शासकीय पद्धति ।

**ख)** यस पद्धतिले स्थानीय तहलाई मातृ, शिशु तथा वाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन योजना तर्जुमा गर्ने, बजेट बिनियोजन गर्ने, सभाबाट योजना तथा बजेट स्वीकृत गर्ने, स्वीकृत योजनाको कार्यान्वयन गर्ने, अनुगमन गर्ने, सार्वजनिक सुनुवाइ, प्रचार प्रसार गर्ने कुरामा जोड दिन्छ ।

**ग)** सामाजीक, आर्थिक तथा मानव विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई बिद्यमान संघिय संरचाना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ भन्ने सवाललाई कार्यप्रक्रिया र व्यवहारमा लागु गर्ने प्रक्रिया तथा पद्धति नै पोषण मैत्री स्थानीय शासन हो ।

**६. पोषण मैत्री स्थानीय शासनको लक्ष्य :**

पोषण मैत्री स्थानीय शासनको प्रर्बद्धन मार्फत पोषण विशेष, पोषण संवेदनशील र सामर्थ बनाउने वातावरण सम्वन्धि कार्यक्रमहरूको विस्तार गरी पोषण सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार गरी महिला, किशोरी तथा वालवालिकाको पोषणको अवस्थामा सुधार ल्याउन र पोषण सेवाको सुनिश्िता र दिगोपना कायम गर्नु नै पोषण मैत्री स्थानीय शासनको लक्ष्य रहेको छ ।

डम्बर बहादुर बि.सी.
अध्यक्ष

## ७. पोषण मैत्री स्थानीय शासनको उद्देश्य :

क) स्थानीय तहका सबै क्षेत्र र निकायहरूको नीति, संरचना, प्रणाली र कार्य सन्चालन प्रक्रियामा पोषणका सवालहरूको मुलप्रवाहीकरण गर्ने ।

ख) पोषण संवेदनशील सेवाहरूको पहूच र उपभोग बढाई स्वस्थ बानी–व्यवहारमा सुधार ल्याउने ।

ग) पोषण तथा खाद्य सुरक्षा सम्वन्धि कार्यक्रमहरू एकीकृत रूपमा कार्यान्वयन गरी महिला, वालवालिका तथा किशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउने ।

घ) पोषणका सवालहरुलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्वन्धमा भएका स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई व्यबहारमा उतार्ने ।

## ८. पोषण मैत्री स्थानीय शासन किन :

- नेपालमा मातृ, शिशु तथा वाल्यकालिन पोषणको स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साभेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूबाट २०७४ भाद्र महिनामा प्रतिवद्धता सहितको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना पहिलो ५ बर्षे को सफल कार्यान्वयनको उपलब्धि र सिकाईका आधारमा आब २०७५/७६ देखि २०७९/८० सम्म दोस्रो पञ्च बर्षिय योजनाको रूपमा कार्यान्वयन भईरहेको छ ।
- नेपालले दिगो विकास लक्ष अनुरूप सन् २०३० सम्ममा कुपोषणलाई अन्त्यगर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ ।
- बहुक्षेत्रीय पोषण योजनाको सफल कार्यान्वियनको कर्तव्य र जिम्मेवारी स्थानीय तहको रहेको छ ।
- नेपालले  क्षेत्रीय तथा अन्तराष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरुलाई पूर्णता दिने कार्यमा सम्वद्ध सबैको थप प्रयास आवश्यक छ ।
- सामाजीक, आर्थिक तथा मानव विकासमा प्रतिकूल प्रभाव पार्ने कुपोषणलाई न्यूनीकरण गर्न बहुक्षेत्रीय पोषण योजनालाई बिद्यमान संघिय संरचाना बमोजिम संघ, प्रदेश र स्थानीय तहहरूबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनु पर्छ ।
- स्थानीय तहमा यस योजनाको सफल कार्यान्वयनले मात्र समग्र विकास प्रतिफल निर्धारिण गर्ने हुनाले स्थानीय तहको नेतृत्वमा जोड दिईएको छ ।
- पोषणका सवालहरूलाई स्थानीय तहको शासन पद्धतिसंग आबद्ध गरी पोषणका सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धतालाई व्यबहारमा उर्तान पोषण मैत्री स्थानीय शासनले सहयोग पुर्याउनेछ ।

## ९. बिषयगत क्षेत्र र सूचकहरू :

| स्वास्थ्य क्षेत्र | शिक्षा क्षेत्र | महिला तथा वालवालिका क्षेत्र | खानेपानी तथा सरसफाई क्षेत्र | पशुपंक्षी विकास क्षेत्र | कृषि विकास क्षेत्र | शासकीय प्रबन्ध क्षेत्र |
|---|---|---|---|---|---|---|
| जम्मा २२ वटा | जम्मा १२ वटा | जम्मा ९ वटा | जम्मा ८ वटा | जम्मा ३ वटा | जम्मा ७ वटा | जम्मा १५ वटा |

पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेख गरेका  पोषण मैत्री स्थानीय तह घोषणाका लागि जम्मा ७६ सूचकहरू रहेका छन ।

डम्बर बहादुर वि.सी.
अध्यक्ष

## १०. क्षेत्रगत सूचक निर्धारण स्वाका

| क्र.सं. | सूचकहरू | अपेक्षित जनसंख्या | हालको अवस्था | न्यूनतम लक्ष्य | पुष्ट्याईका आधारहरू/ | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | विषयगत क्षेत्र | | | | | |
| १.१ | | | | | | |
| १.२ | | | | | | |
| १.३ | | | | | | |

## ११. पोषण मैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया

- गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशकको बैठक, कार्य पालिकाको निर्णय हुदै गाउसभाबाट पोषण मैत्री स्थानीय शासन अबलम्बन गर्ने निर्णय।
- पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता र तहगत समितिहरूको निर्णय ।
- पोषण सम्वेदनशिल र पोषण लक्षित योजना बनाई यस्को कार्यान्वियन ।
- बहुक्षेत्रीय पोषण योजना र पोषण मैत्री स्थानीय शासन अवधारणा सम्वन्धि बिभिन्न तहमा सम्वन्धित सरोकारवाला र लक्षित बर्गलाई अभिमुखिकरण ।
- क्षेत्रगत सूचकहरू निर्धारण गर्ने र सो बारे गाउँपालिका तथा वडा तहमा छलफल ।
- पोषण बिशेष कार्यक्रम गुणस्तर सुधार निर्देशिका २०७८ बमोजिक सेवा प्रवाह गरि पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्यवन निर्देशिका २०७९ अनुसार स्वास्थ्य चौकी घोषणा गरि १० वटा अनिवार्य मापदण्ड र १६ वटा सूचकहरू पुरा गर्ने।
- पोषण मैत्री स्थानीय शासन वडा र गाउँपालिका घोषणा कार्यान्वियनका लागि चरणगत तथा तहगत खुडकिला तय गरी पुरा गर्ने।
- वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने।
- गाउँपालिकाको र वडा स्तरीय पोषण प्रोफाईल तयार गर्ने।
- पोषण मैत्री स्थानीय शासन वडा र गाउँपालिका घोषणा कार्यान्वियनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने।
- सो सूचकहरू सम्वन्धित बिषयगत शाखाबाट प्रमाणिकरण गर्ने।
- गाउगरपालिका र वडाले पोषण सुधारको लागि रणनीति तथा योजना बनाई कार्यान्वियन गर्ने।
- पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७८ का १२ रणनीति र ५३ कार्यनीतिको आधारमा पोषणमैत्री गाँउपालिका र वडा घोषण गर्ने।

डम्बर बहादुर बि.सी.
अध्यक्ष

- पोषण सुधारको लागि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अन्तर्गत घोषणा उप समिती गठन र सोको अभिमुखीकरण गर्ने ।
- पोषण सुधारको अवस्था बारे सरोकारवालाबाट अभियान कार्यान्वयनको अवस्था बारे अनुगमन भएको र प्रमाणिकरण भएको सूचकहरूको आधारमा प्रतिवेदन तयार भई सो अनुसारका कार्य पूरा गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वडा र पालिका घोषणाका लागि आवश्यक कार्य पुरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरिदिन सम्वन्धित माथिल्लो निकाय (जिसस तथा सम्वन्धित प्रदेश तथा संघीय मन्त्रालय) लाई प्रतिवेदन सहित अनुरोध गर्ने ।
- सम्वन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्वन्धित मन्त्रालय)बाट स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिने ।
- सामाजीक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरूको सामाजीक लेखापरिक्षण गरेको र गुनासो सुनुवाइ समिति गठन गर्ने ।
- वडा तथा पालिकामा पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्षको व्यवस्था गर्ने ।
- सम्वन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्वन्धित मन्त्रालय र जिसस)बाट स्थलगत अनुगमन दिएको सुझावको कार्यान्वयन गर्ने ।
- सम्वन्धित माथिल्लो निकायले दिएको सुझावको कार्यान्वयन पश्चात अन्तिम प्रतिवेदन तयार गर्ने ।
- निश्चित कार्य योजना सहित नगर तथा वडा सभाबाट पोषण मैत्री स्थानीय शासन वडा घोषणा गर्ने निर्णय गर्ने ।
- घोषणाउन्मुख गाउँपालिकाले पोषणको स्थिति पत्र र पोषण आचार संहिता प्रकाशन गरी कार्यान्वयन गरेको हुनु पर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाको लागि शुरू देखि अन्तिम सम्म भए गरेका कार्यहरूको रेर्कड गरि दस्तावेजिकरण गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सर्बप्रथम कुनै एउटा वडा बाट सुरू गर्ने र क्रमशः सबै वडाहरू घोषणा गर्दै पालिकालाइ नै घोषणा गर्ने ।

**१२. पोषण मैत्री स्थानीय शासन घोषणाका चरण र खुडकिलाहरू**

**पहिलो :** बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका कुराहरू, पालिकाको स्वास्थ्य तथा पोषण सुधारका सम्वन्धमा बनेका नीतिहरू तथा पोषण मैत्रि स्थानीय शासनको अवधारणा बारेमा पालिका तथा वडा स्तरमा अभिमुखिकरण ।

**दोस्रो :** पालिका तथा वडा स्तरमा गठित पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकबाट पोषण मैत्रि अभियान संचालन सम्बन्धमा निर्णय ।

**तेस्रो : सूचक**हरूको अवस्था सम्वन्धमा आधारभुत सर्बेक्षण र निष्कर्षका (Findings) आधारमा कार्ययोजना निर्माण ।

**चौथो :** वडा तथा टोल स्तरमा अभियान संचालन तथा व्यवस्थापन समिति गठन र परिचालन ।

डम्बर बहादुर वि.सी.
अध्यक्ष

**पाचौ :**सूचकहरूको पुर्णताका लागि समुदाय तथा घरधुरी स्तरमा पोषण सम्वेदनशिल तथा पोषण विशेष क्रियाकलापहरूको सघन संचालन ।

**छैठौ :** वडा तथा पालिकाका विषयगत शाखाबाट अभियानको नियमित फलोअप तथा अनुगमन ।

**सातौः** अनुगमनमा देखिएका सुधार गर्नुपर्ने विषयमा थप अभियान संचालन ।

**आठौः**अन्तिम अनुगमन गरि सूचकको पुर्णता भएको सम्बन्धमा स्थिति पत्र प्रकाशन गर्ने र सार्वजनिकीकरण ।

**नवौ :** कार्यपालिका, जिल्ला समन्वय समिति, प्रदेश तथा संघ स्तरबाट अनुगमन गरि प्रमाणिकरण ।

**दशौ :** वडा स्तरमा वडा घोषणा सभा तथा सम्पुर्ण वडा घोषणा पश्चात पालिका घोषणा सभा आयोजना ।

**एघारौः** पोषण मैत्री गाउ, वडा र पालिका घोषणा तथा यस्को निरन्तरता एवं दिगोपना ।

## १३.पोषण मैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्ताबेजहरू

१. पोषणको बस्तुगत विवरण तथा प्रतिबद्धता र कार्ययोजनाहरू

२. अभियान संचालनका लागि विभिन्न समयमा भएका निर्णयहरू

३. सूचकहरूको अवस्था स्थिति पत्र

४. सूचक प्राप्ति र उपलब्धी सहितको प्रतिवेदन

५. बिषयगत शाखाहरूले गरेको सूचक प्रमाणिकरण विवरण

६. नगर पालिका र जिससको स्थलगत अनुगमनको प्रतिवेदन

७. बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना

८. बिभिन्न प्रतिबद्धताहरू, कार्यविधि, बैठक निर्णय, नीतिहरू

९. पोषण मैत्री स्थानीय शासन घोषणाका लागि गरिएका पत्राचारहरू, पम्पलेट, ब्रोसरहरू

१०. पोषण मैत्री स्थानीय शासन पश्चात दिगोपना र निरन्तरताको लागि रणनीतिक योजना

## १४. पोषण मैत्री स्थानीय शासन घोषणाका लागि बिभिन्न तहहरूको भूमिका र जिम्मेवारीहरू

### क.वडा समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :

- हरेक सूचकका आधारमा शुरूको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रूपमा राख्ने ।
- बिभिन्न समिति, उपसमिति कार्य टोली बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने ।
- पोषण डेस्क, पोषण कर्नर स्थापना गर्ने ।
- बिभिन्न गतिविधिका चित्र, फ्लेक्स र सफलताका कथा तयार गर्ने ।
- पोषण सम्वन्धि भित्तेलेखन (Wall painting) र होडिङ बोर्डहरू राख्ने ।
- पोषण मैत्री अभियानका बारेमा सबैलाई जानकारी गराउने, प्रचार प्रसार गर्ने ।

डम्बर बहादुर वि.सी.
अध्यक्ष

- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरू कार्यान्वयन गराउने ।
- पोषण मैत्री स्थानीय शासन सम्वन्धि वडाको प्रस्तुतीहरू तयार गर्ने ।
- घोषणाको आवश्यक प्रर्बन्ध मिलाउने ।

**ख.पाालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :**

**नीतिगत पैरवी :** पोषण मैत्री स्थानीय शासन पद्धतिलाई पालिकाको नीति, संरचना र कार्य प्रक्रियामा मुलप्रवाहीकरण गर्ने ।

**योजना तर्जुमा :** योजना, बजेट, कार्यान्वियन, नक्सांकन, वडा र बस्ती छनौट ।

**समन्वय तथा सहजीकरण :** सरकारी तथा गैससंग सर्म्पक, परिचालन, बैठक, समिति गठन ।

**अनुगमन तथा मुल्याकन :** नियमिति बैठक, संयुक्त अनुगमन, प्रगति समिक्षा, सूचना व्यवस्थापन, पृष्ठपोषण, अनुगमन र मुल्याकन ।

**समिक्षा तथा बिश्लेषण :** स्थिति पत्र प्रकाशन, नियमित क्रियाकलापहरूको कार्यान्वियन, प्रगति समिक्षा, पालिका स्तरीय बैठक, कम्जोर सूचक पुरा गर्न थप स्रोत परिचालन र वडालाई आवश्यक सहयोग र सहजिकरण ।

**क्षमता विकास :** सबै बिषयगत क्षेत्र र सरोकारवालाको क्षमता विकास, परिचालन, सन्जाल गठन र संस्थागत विकास ।

**ग. जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी :**

- हरेक सूचकका आधारमा शुरूको अवस्था र अन्तिम अवस्थाको सूचना तुलनात्मक रूपमा विश्लेषण गरी आवश्यक सुझाव दिने ।
- स्थलगत अनुगमन तथा मुल्यांकन गर्ने ।
- आवश्यक सहजकिरण र सहयोग गर्ने ।
- पालिका, प्रदेश र संघ बिच समन्वयको भूमिका निर्वाह गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
- पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको परिचालनका लागि समन्वय गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने ।
- जिल्ला स्तरीय बैठकको आयोजना गर्ने र जिल्ला स्थित कार्यालयहरूको परिचालनका लागि समन्वय गर्ने ।

**घ. प्रदेश तथा संघको भूमिका तथा जिम्मेवारी :**

- पोषण मैत्री स्थानीय शासनको अवधारणा, रणनीति, निर्देशिकाहरूको विकास गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरूको कार्यान्वयनका लागि क्षेत्रगत बजेट बिनियोजन गर्ने ।

डम्वर बहादुर वि.सी.
अध्यक्ष

- बिभिन्न क्षमता विकासका कार्यहरू गर्ने ।
- संघ तथा प्रदेश स्तरीय समितिहरूको गठन, पुर्नगठन र नियमित बैठक र परिचालन ।
- बिभिन्न दातृ निकाय, बिषयगत मन्त्रालय, टोल विकास समिति, नागरिक अगुवा, नागरीक समाज, पत्रकार, सांसद र नीजि क्षेत्र (Provate Sector) आदि निकायहरूसंग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
- अनुगन तथा मुल्याकन गर्ने ।
- आवश्यक सहजकिरण र सहयोग गर्ने ।

### १५. स्पष्टीकरण तथा बचाउ :

यो कार्यविधि, यस्का प्रावधानहरू र बुदाहरू संघ र प्रदेश अर्न्तगतको कार्यविधिसंग बाझिने छैनन । यदि बाझिएको हकमा बाझिएका प्रावधानहरू तथा यो कार्यविधि नै स्वतः स्वारेज भएको मानिनेछ । यो कार्यविधि आवश्यकता र औचित्यका आधारमा संशोधन गर्न सकिनेछ ।

### १६. पुरस्कार तथा सम्मान :

घोषणा कार्यमा सहयोग, सहजीकरण गर्ने बिभिन्न व्यक्ति, कार्यालय, निकाय र संघ संस्थाहरूलाई सम्मान गर्न सकिनेछ । यस्का साथै यस कार्यविधि अनुसार वडा घोषणमा पहिलो घोषणा गर्ने वडालाई पुरस्कार प्रदान गरिनेछ । त्यसै गरी दोस्रो, तेस्रो, चौथो हुने वडाहरूलाई क्रमशः मुल्याकंनका आधारमा पुरस्कार प्रदान गरिनेछ ।

### १७. अनुसूचिहरू :

अनुसूचि १ः पोषणमैत्री स्थानीय शासन अर्न्तगत पोषण मैत्री वडा घोषणाको लागि तयार गरिएको क्षेत्रगत सूचकहरू र न्यूनतम लक्ष्य ।

तुर्माखाद गाउँपालिका, अछाम

पोषणमैत्री स्थानीय शासनको लागि तयार गरिएको सूचकहरू र न्युनतम लक्ष्य

| क्र.स | सूचकहरू | न्युनतम लक्ष्य |
|---|---|---|
| **१** | **बिषयगत क्षेत्र : स्वास्थ्य** | |
| १.१ | गर्भवती महिलाले कम्तिमा ८ पटक पुर्व प्रसुति जाँच गरेको | ९५% |
| १.२ | सुत्केरी महिलाले कम्तिमा ४ पटक उत्तर प्रसुति जाँच गरेको | ९५% |
| १.३ | गर्भवती महिलाले कम्तिमा २ पटक टिडि खोप पाएको | ९५% |
| १.४ | गर्भवति महिलाले गर्भाअवस्थामा १८० र सुत्केरी पछी ४५ वटा आइरन फोलिक एसिड चक्कि खाएको | ९५% |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | ९५% |
| १.६ | घरमा सुत्केरी गराउने | ०% |
| १.७ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको ( Skill birth attadance) | ९५% |

डम्बर बहादुर वि.सी.
अध्यक्ष

| | | |
|---|---|---|
| १.८ | ६ महिना देखी ५९ महिनाका वालवालिकाहरुले बर्षमा २ पटक भि.ए.क्या पाएको | ९५% |
| १.९ | ६ महिना देखी ५९ महिनाका वालवालिकाहरुले जुकाको औषधी पाएको | ९५% |
| १.१० | विद्यालय बाहिर रहेका १० देखी १९ बर्ष किशोरीहरुले आइरन चक्की खाएको | ९५% |
| १.११ | २४ महिना सम्मका वालवालिकाहरुले नियमित बृद्धि अनुगमन गरेको | ९५% |
| १.१२ | शिशु जन्मेदेखी ६ महिना सम्म पुर्णस्तनपान गराएको | ९०% |
| १.१३ | स्तनपानका साथै सहि समयमा थप खानाको सुरुवात गरेको | ९०% |
| १.१४ | २ बर्ष मुनीको वालवालिकामा कम तौलका भएकाहरु | ≤५% |
| १.१५ | मध्यम शिघ्र कुपोषण भएकाहरुको पहिचान गरि पोषण परामर्श दिएको | १००% |
| १.१६ | कडा शिघ्र कुपोषण भएकाहरुको पहिचान गरि पोषण परामर्श दिएको | १००% |
| १.१७ | कम तौलका जन्मिएका शिशु | ≤५% |
| १.१८ | आयोडिन युक्त नुन खाने घरहरु | १००% |
| १.१९ | पुर्ण खोपयुक्त स्थानीय तह/वडा घोषण भैइसकेको। | भएको |
| १.२० | वालवालिकाहरुलाई झाडा पखाला लागेको बेला जिंक चक्की र जीवनजल खुवाउने | १०० % |
| १.२१ | स्वास्थ्य चौकी पोषणमैत्री घोषणा गरेको | भएको |
| १.२२ | स्थानीय तहका ओ.टि.सि भएको हुनुपर्ने | १ वटा |
| **२** | **बिषयगत क्षेत्र : शिक्षा** | **न्युनतम लक्ष्य** |
| २.१ | नियमित आइरन चक्की सेवन गर्ने विद्यालयभित्र रहेका १० देखी १९ बर्षका किशोरीहरु | >१००% |
| २.२ | कक्षा १ देखी १० सम्मका बिद्यार्थीहरुले अर्धबार्षिकरुपमा जुकाको औषधी खाएको | >८०% |
| २.३ | माध्यमिक तहका विद्यालयहरुले वालविवाह, छाउपडी प्रथा विरुद्धको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ जस्ता पोषण संबेदनशिल अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने | १००% |
| २.४ | सबै वालवालिकाको लागि न्युनतम पुर्वाधारयुक्त प्रारम्भिक वालविकास संचालन भएका | १००% |
| २.५ | प्रारम्भिक वालविकासमा तालिका प्राप्त सहजर्कता | १००% |
| २.६ | आधारभुत बिधालयका शिक्षा पुरा गर्ने वालवालिकाहरुको प्रतिशत | १००% |
| २.७ | विद्यालयका स्थानीय पाठ्यक्रममा पोषणका बिषयबस्तुहरु समावेश गरेको | >८०% |
| २.८ | ५ बर्ष देखी १४ बर्ष उमेर समुहका वालवालिकाहरु विद्यालय बाहिर रहेको | <१% |
| २.९ | दिवाखाजा व्यस्थापन भएका वालविकास केन्द्र | १००% |
| २.१० | विद्यालाय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको बैठकमा पोषण सम्वन्धि विषयवस्तु छलफल गर्ने विद्यालय | १००% |
| २.११ | विद्यालयहरुले बार्षिकरुपमा कम्तीमा एउटा अभिभावक शिक्षा कार्यक्रम संचालन गरेको ( पोषणयुक्त खानाको बारेमा विद्यालयले अभिभावक शिक्षा संचाला गर्ने। | ९०% |
| २.१२ | विद्यालयहरुमा पोषण सम्बन्धि सूचना सामाग्रीहरु सम्प्रेषण गरेको | १००% |
| **३** | **बिषयगत क्षेत्र : महिला तथा वालवालिका** | **न्युनतम लक्ष्य** |
| ३.१ | लैङिगक हिंसाका घटना दर्ता भएको संख्या ( न्यायिक समिति, प्रहरी, एकद्वोर संकट व्यवस्थापन केन्द्रमा | <१०% |
| ३.२ | छाउपडी हुदा छुटै छाउगोठ राख्ने घरधुरिहरु | 0% |
| ३.३ | कमलरी राख्ने घरधुरी | 0% |
| ३.४ | वालविवाह अन्त्य भएको | भएको |

डम्बर बहादुर बि.सी.
अध्यक्ष

| | | |
|---|---|---|
| ३.५ | सुनौलो हजारदिनका घरपरिवारका सदस्यहरू (जस्तै सासुबुहारी,श्रीमान श्रीमति पोषण व्यवहार सम्बन्धि सवै वडाहरूमा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन भएको | भएको |
| ३.६ | विद्यालय बाहिरका किशोर र किशारीहरूले पोषण र प्रजनन सम्बन्धि अनुशिक्षण हरेक वडामा | भएको |
| ३.७ | सडक आश्रीत वालवालिका नभएको | नभएको |
| ३.८ | कानून विपरित श्रममा संलग्न वालवालिका नभएको | नभएको |
| ३.९ | सबै वडाहरू वाल संरक्षण संजाल गठन भएको | भएको |
| **४** | **बिषयगत क्षेत्र : खानेपानी तथा सरसफाई** | **न्युनतम लक्ष्य** |
| ४.१ | आधारभुत तहको खानेपानीको सुविधा भएको घरधुरी। | १००% |
| ४.२ | व्यवस्थित तथा सफा शौचालय भएका घरधुरी | १००% |
| ४.३ | घरपरिवारमा मुख्य ६ जोखिमपुर्ण समयमा हातधुने परिपाटीको विकास भएका | १००% |
| ४.४ | खानेपानीको गुस्तर परिक्षण भएको ( ६/६ महिनामा र प्रकोपको घटना घटेको भए सो पछि तत्काल) | १००% |
| ४.५ | घरयासी खानेपानी पिउन योग्य भए नभएको परिक्षण गरेको | १००% |
| ४.६ | विद्यालय र स्वास्थ्य चौकीहरूमा हातधुने कर्नर स्थापना गरेको | १००% |
| ४.७ | घरबाट निस्केको फोहोरपानीको उचित व्यावस्थापन गरेको | १००% |
| ४.८ | खुल्ला दिसामुक्त स्थानीय तह वा वडा भएको | १००% |
| **५** | **बिषयगत क्षेत्र : कृषि विकास** | **न्युनतम लक्ष्य** |
| ५.१ | करेसाबारीस्थापना भएको घरपरिवार (जमीन नभएका घरपरिवाकोलागि स्थानीय बजारहरूमा नियमितरूपमा तरकारी उपलब्ध हुने अवस्था रहेका हुनुपर्ने | >८०% |
| ५.२ | प्रर्याप्त पौष्टक तत्वभएको अन्न, सागसब्जी, गेडागुडी, फलफुल, तथा माछामासुको उपभोग सुनिश्चता भएको | >८०% |
| ५.३ | स्थानीय स्तरमा पाइने रैथाने बाली प्रवर्द्धन सम्बन्धि सचेतना कार्यक्रम सहभागि घरपरिवारहरू | ८०% |
| ५.४ | प्रत्येक वडाहरूमा नमूना जैविक तरकारी फार्म भएको (जमीन नभएको वडाहरूमा उपभोगको सुनिश्चता भएको हुनुपर्ने )। | भएको |
| ५.५ | जैविक बिषादी र प्राङ्गिक मल प्रयोग गर्ने कृषक घरपरिवार | >८०% |
| ५.६ | खाद्य सुरक्षा गुणस्तरको अनुगमन भएको | >३ |
| ५.७ | बजारमा तरकारी तथा फलफुलको उपलब्धता र उपयोग गर्ने घरधुरी | १००% |
| **६** | **बिषयगत क्षेत्र : पशुपंक्षी विकास** | **न्युनतम लक्ष्य** |
| ६.१ | व्यावस्थित पशुपंक्षी पालन गर्ने कृषक घरपरिवार ( उपभोगको सुनिश्चतता ) | ८०% |
| ६.२ | दुध दुधजन्य पदार्थहरू (दुध, दहि, पनिर र चिज) अण्डा र मासुजन्य (माछा ,मासु पन्क्षी) पदार्थ नियमित उपभोग गर्ने घरपरिवारहरू | ९५% |
| ६.३ | दुध ९१ लि. मासु १४ के.जी अण्डा १५० वटा प्रतिव्यक्ति बार्षिकरूपमा उपलब्धता। | ९५% |
| **७** | **बिषयगत क्षेत्र : शासकिय प्रबन्ध** | **न्युनतम लक्ष्य** |
| ७.१ | स्थानीय तहको बार्षिक योजना तर्जुमा पुर्व र कार्यक्रमको समिक्षाको समय पुर्व कम्तिमा १ पटक पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक बसेको। | १००% |
| ७.२ | वडा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन क्रियाशिलता | >४ |
| ७.३ | स्थानीय तहको दिर्घकालीन आवधिक तथा बार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसार कार्यक्रम समावेश गरेको। | भएको |
| ७.४ | स्थानीय तहको सभाबाट पोषण सम्बन्धि नीति तथा कार्यक्रम पारित गरेको | भएको |
| ७.५ | स्थानीय तह वा वडाको बजेटबाट ( वित्तिय सामान्यकरण अनुदान र आन्तरीक श्रोत ) पोषण कार्यक्रमका लागि बजेट छुट्टयाइएको | छ |
| ७.६ | स्थानीय तहमा कार्यरत कर्मचारीहरूको षोषण सम्बन्धि क्षमता अभिबृद्धि भएको | भएको |
| ७.७ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार र अध्यावधिक | भएको |
| ७.८ | स्थानीय तहमा पोषण कर्नर स्थापना | भएको |
| ७.९ | स्थानीय तहका कार्यालयमा छुटै स्थनपान कक्ष स्थापना | भएको |

डम्बर बहादुर वि.सी.
अध्यक्ष

| | | |
|---|---|---|
| ७.१० | परम्परागत खाद्यय बस्तुमा आधारित पोषणयुक्त आहारको तयारी र सूचना स्थानीय रेडियो तथा होर्डिङ बोर्ड मार्फत जस्ता कुनै एउटा विधि मार्फत सम्प्रेषण भएको | >५ |
| ७.११ | स्थानीय विपद व्यवस्थापन योजनामा विपदको बेला गरिने पोषण केन्द्रित सवाल समावेश भएको हुनुपर्ने | भएको |
| ७.१२ | महामारी वा विपदको समयका लागि पालिका वा रेडक्रस जस्ता सामाजिक संस्थामा खाद्यन,झाडाकुडा तथा लत्ताकपडा, उपचारको लागि औषधी र उपकरणको मौजाद राख्ने व्यवस्था | भएको |
| ७.१३ | घरभित्रको धुवामुक्त भएको घरपरिवार | १००% |
| ७.१४ | स्वास्थ्य,कषि, पशुसेवासंग सम्बन्धि प्राविधिकहरुको सेवा उपलब्धता | १००% |
| ७.१५ | वालपोषण भत्ता वितरणको समयमा अभिभावकलाइ बाल पोषण भत्ता उपयोग सम्बन्धि अभिमुखिकरण भएको । | १००% |

अनुसूची २ :पोषण मैत्री स्थानीय शासनका सूचक बिश्लेषण (निकाल्ने) तरिका

**तुर्माखाद गाउँपालिको कार्यालय, अछाम**

**पोषण मैत्री स्थानीय शासनका सूचक बिश्लेषण (निकाल्ने) तरिका**

| क्र.सं. | बिवरण तथा क्षेत्रगत सूचकहरू | लक्षित संख्या | प्रगति | नतिजा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| १ | करेसाबारी स्थापना गरेका घरधुरी | जम्मा घरधुरी | करेसाबारी स्थापना गर्ने घरधुरी | घ लाई ग ले भाग गरि १०० ले गुणा गरि आउने संख्या | |
| | **उदाहरणका लागि** : सूचना लिएको दिन सम्म मानौ कुनै वडाको जम्मा घरधुरी ३१५ रहेछ, र करेसाबारी स्थापना गर्ने घरधुरी ३०३ र नगर्ने घरधुरी १२ रहेछन भने । | ३१५ | ३०३ | ९६% | ३०३/३१५X१००=९६ |

यस्तै तरिकाले सबै सूचकको अवस्था पत्ता लगाउन सकिन्छ ।

अनुसूची ३ :पोषण मैत्री स्थानीय शासनका सूचक प्राप्तीको अवस्था विवरण फाराम

**तुर्माखाद गाउँपालिको कार्यालय, अछाम**

पोषण मैत्री स्थानीय शासनका सूचक प्राप्तीको अवस्था विवरण फाराम

| क.सं. | विवरण तथा क्षेत्रगत सूचकहरू | आधार अवस्था | न्युनतम लक्ष | हालको अवस्था | पुष्ट्याइका आधारहरू |
|---|---|---|---|---|---|
| **१** | **स्वास्थ्य** | | | | |
| १.१ | | | | | |

डम्बर बहादुर वि.सी.
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ | | | | | |
| २ | **शिक्षा** | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | **महिला तथा वालवालिका** | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |

अनुसूची ४ :पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वडा र पालिकाको संक्षिप्त कार्य योजना

## तुर्माखाद गाँउपालिकाको कार्यालय, अछाम

पोषण मैत्री स्थानीय शासनका सूचक प्राप्तीको अवस्था विवरण फाराम

**अनुसूची ५** :पोषण मैत्री आचार संहिता

**विषयगत क्षेत्र : कृषि विकास**

| क्र सं | मुख्य समस्याहरू | कारण | समस्या समाधानका उपायहरू | आवश्यक बजेट | जिम्मेवार निकाय तथा व्यक्ति | समय सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

### तुर्माखाद गाउँपालिकाको कार्यालय,अछाम

पोषण मैत्री स्थानीय शासन दिगोपनाका लागि आचार संहिता

| गाँउपालिका, वडा कार्यालय र बिषयगत शाखाहरूको पोषण मैत्री आचार संहिता | शैक्षिक संस्थाको पोषण मैत्री आचार संहिता | परिवार र समुदायको पोषण मैत्री आचार संहिता | वालवालिकाको पोषण मैत्री आचार संहिता | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| २ | २ | २ | २ | |
| ३ | ३ | ३ | ३ | |
| ४ | ४ | ४ | ४ | |

अनुसूची ६ :पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

## तुर्माखाद गाउँपालिकाको कार्यालय,अछाम

पोषण मैत्री स्थानीय शासन कार्यान्वयन अनुगमन फाराम

| क्र सं | विवरण तथा क्षेत्रगत सूचकहरू | न्यूनतम् लक्ष्य पुरा भएको | सूचनाको स्रोत | सिफारिस तथा सुझावहरू |
|---|---|---|---|---|

डम्बर बहादुर वि.सी.
अध्यक्ष

| . | | छ | छैन | | |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | शिक्षा | | | | |
| २.१ | | | | | |
| २.२ | | | | | |
| ३ | महिला तथा वालवालिका | | | | |
| ३.१ | | | | | |
| ३.२ | | | | | |

सम्पादित उल्लेखनिय कार्यहरू :

- 
- 
- 

राम्रा तथा उदाहरणीय सफलताहरू :

- 
- 

अनुगमन कर्ताको राय तथा मन्तव्य :

अनुगमन कर्ताको विवरण :

| क्र. सं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ७ :पोषण सुधारको लागि सामुहिक प्रतिवद्धता

डम्बर बहादुर वि.सी.
अध्यक्ष

# तुमाखाँद गाउँपालिका
# गाउँ कार्यपालीकाको कार्यालय
### अछाम
### सुदुरपश्चिम प्रदेश, नेपाल

**एकिकृत स्वास्थ्य तथा पोषण सुधारका लागि प्रतिवद्धता– २०७६**

पोषण तथा स्वास्थ नै मानवपुजीको आधारशिलता हो भन्ने कुरालाई मध्यनजर गर्दै मातृ,शिशु तथा किशोर किशोरीको पोषण स्थितिमा सुधार ल्याउन २०७६ फागुन १७ र १८ गते तुमाखांद गाउंपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु,प्रमुख प्रशासकीय अधिकृत,विषयगत शाखाका प्रमुखहरु,स्वास्थ्य संस्थाका प्रमुखहरु,वहुक्षेत्रिय पोषण योजनाका प्रतिनिधि,सुआहारा कार्यक्रमका प्रतिनिधिहरुको र अन्य सरोकारवालाहरुको सहभागितामा बहुक्षेत्रीय पोषण योजना र सुआहारा दोश्रो कार्यक्रमको संयुक्त आयोजना गरिएको एकीकृत स्वास्थ्य तथा पोषण कार्यक्रमको दीगोपना सुनिश्चितता गोष्ठीमा तुमाखांद गाउंपालिकाको दीर्घकालीन सोच **"शिक्षा कृषि र जलाधार, तुमाखांद गाउँपालिकाको मुल आधार"** हाँसिल गर्नका लागि गाउंपालिकालाई **"गुणस्तरीय स्वास्थ्य, शिक्षा, सफा स्वच्छ पानी" "सुपोषित छन गाँउका सबै आमा बाबु नानी"**भन्ने मुल मन्त्रलाई सफल बनाउन मिति २०७४ भाद्र महिनामा गरीएको १० बुदे प्रतिवद्धतालाई अनुसरण गर्दै हामी सहभागीहरु निम्नानुसारका कार्य गर्न प्रतिवद्धता जाहेर गर्दछौं ।

<u>प्रतिवद्धताहरु</u> :

<u>एकीकृत पोषणसंग सम्बन्धित नीतिगत व्यवस्था तथा कार्यान्वयनलाई सुदृढ गर्ने</u>

- एकीकृत पोषणका कार्यक्रमहरु संचालन भएका वडा तथा टोलहरुमा कार्यकमको दीगोपनाका लागी नियमित अनुगमन तथा मुल्यांकन गर्न वडा समिति,वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति, स्वास्थ्यकर्मीहरु तथा सरोकारवालाहरु सबैको सक्रिय सहभागीता गरिनेछ ।
- गुणस्तरीय सेवा सबै शाखाहरु(स्वास्थ्य, शिक्षा,कृषि,खानेपानी तथा सरसफाई,पशुसेवा र महिला विकास) मा सुनिश्चित गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
- गाउंपालिकामा रहेका एकीकृत पोषण कार्यक्रम(स्वास्थ्य,कृषि,पशुसेवा, शिक्षा, खानेपानी सरसफाई, महिला तथा बालबलिका,सुशासन) संचालन गर्ने कर्मचारीहरुलाई नियमित रुपमा क्षमता अभिवृद्धिगर्ने ।
- गाउँपालिकाको आवधिक योजना निर्माण गरी एकीकृत पोषणका सुचकहरु(स्वास्थ्य,कृषि,पशुसेवा, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, सुशासन) समावेश गर्ने ।
- गाउँपालिको वार्षिक योजना तयार गरि, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्दा सामाजिक व्यवहार परिवर्तन क्षमता अभिवृद्धि सहयोगी सामाग्री प्रयोग गर्ने ।
- गाउपालिकाका सबै जनताहरुमा सुरक्षित पिउने पानीको पहुंच पुर्‍याउने ।
- गाउपालिकालाई पुर्ण सरसफाईयुक्त गाउपालिका बनाउने अभियान गर्ने ।
- गाउंपालिकालाई पोषण मैत्री स्थानीय शासन बनाउने अभियान संचालन गर्ने ।
- नेपाल सरकारले प्रदान गर्दै आईरहेको पोषण भत्ताको सही सदुपयोग भएको सुनिश्चितता गर्ने ।
- स्थानीय सरकारले तय गरेका मापदण्ड पुरा गर्ने सेवाग्राहीहरुलाई प्रोत्साहन गर्ने ।
- विद्यालयको हाताभित्र जङ्क फुड (पत्रु खाना) को प्रयोगमा निरुत्साहित गर्ने ।
- बहुक्षेत्रीय पोषण पद्धतिको अवधारणा अवलम्बन गरि कार्यक्रम संचालन गर्ने ।



डम्बर बहादुर बि.सी.
अध्यक्ष

अनुसूची ८ :पोखरा प्रतिबद्धता, २०७३

## पोषण सम्बन्धी पोखरा प्रतिबद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयुक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिबद्ध छौं।

नेपाली जनता विशेषत: मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन्। सोही बहुक्षेत्रीय प्रतिबद्धतालाई मनन गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु विभिन्न तहगत संरचना मार्फत सफलतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमबद्ध रुपमा अघि बढाउन र विभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिबद्धता जाहेर गर्दछौं।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मूर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौं।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागु भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेका परिप्रेक्ष्यमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने।

४. यसै आर्थिक वर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी हुनाले लक्षित समुदायसम्म पुऱ्याउने।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्बन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशी र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने। यसै आर्थिक वर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने।

७. आगामी आर्थिक वर्ष देखि पोषण सम्बन्धी छुट्टै बजेट कोड स्थापना गरी स्रोतको परिचालन गर्न सम्बन्धित निकायहरुसँग पहल गर्ने।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रणाली अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा स्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने।"

१०. स्थानीय तहमा उपलब्ध स्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयुक्त घर, गाउँ, जिल्ला अभियान सञ्चालन गर्नका लागि यसै आर्थिक वर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने।

डम्बर बहादुर वि.सी.
अध्यक्ष

आज्ञाले
लोक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत